आज मिति २०८२ साल भाद्र ३० गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को दोश्रो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | ठाकुर श्री तिवारी | उपसचिव | |
| २ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| ३ | ऋषि राम पौडेल | प्रशासकीय अधिकृत | |
| ४ | सुजन मिश्र | सु. प्र. अ. | |

## नगर-कार्यपालिकाको मिति २०८२/०५/३० गतेको आ.व. २०८२/८३ को दोश्रो बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२/०४/२७ गते बसेको आ.व २०८२/८३ को पहिलो बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

बाल विकास केन्द्रका सहजकर्ताहरु, सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत समुदाय परिचालकहरुको पारिश्रमिक स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने सशर्त अनुदानका रुपमा प्राप्त हुने र यसरी प्राप्त हुने सशर्त अनुदान नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको "कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८२/८३" ले तोकेका शर्त बमोजिम खर्च गर्नुपर्नेमा उक्त कार्यविधिको क्रियाकलाप नं. १.१.४.१ मा प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक प्रति महिना रु. १२,०००/- का दरले, विद्यालय सहायक कर्मचारीको पारिश्रमिक प्रति महिना रु. १५,०००/- का दरले र विद्यालय सहयोगीको पारिश्रमिक प्रति महिना रु. १०,०००/- का दरले उपलब्ध गराउनुपर्ने र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बमोजिम नपुग रकम स्थानीय तहले आन्तरिक स्रोतबाट थप गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको साथै क्रियाकलाप न. २.७.१३.११ को खण्ड ६. मा सामुदायिक सिकाइ केन्द्रका परिचालकको पारिश्रमिक प्रति महिना रु. १०,०००/- का दरले उपलब्ध गराउनुपर्ने नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक बमोजिम नपुग रकम स्थानीय तहले थप गर्न सक्नेछ भन्ने व्यवस्था गरेकाले नगरपालिकाको आन्तरिक आम्दानीलाई मध्यनजरमा राखी यस आर्थिक वर्ष २०८२/८३ मा सबै बाल विकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी, र सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई चाडबाड खर्च लगायत मासिक पारिश्रमिकमा समान रकम रु. ७,०००/- थप गरी बाविके सहजकर्ता, विद्यालय कर्मचारी, सामुदायिक सिकाइ केन्द्रका परिचालकको थप पारिश्रमिक शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं ३**

आ.व २०८२/८३ का लागि प्रदेश विशेष अनुदान तर्फ बस्ती स्थानान्तरण योजना सञ्चालनका लागि सम्भाव्य स्थान र कार्यान्वन कार्यविधिको थप अध्ययन गरी कार्यान्वयन गर्ने । साथै संघिय समपुरक अनुदान अन्तर्गत लेखपानी पहिरो नियन्त्रण वडा नं १ र २ योजना सञ्चालनका लागि पहिरोग्रस्त स्थानमा जियोटेक्नीकल ईन्जिनियर मार्फत अध्ययन गराई प्राप्त प्रतिवेदन अनुसार योजना सञ्चालन गर्ने ।

**निर्णय नं ४**

तुर्लुङ्गकोट बृहत खानेपानी योजना वडा नं ३,४,१०,११ खानेपानी आयोजनाका सञ्चालनका लागि साबिक सिन्दुरे गा.वि.स वडा नं १ हाल सुन्दरबजार नगरपालिका वडा नं ११ वरपरको क्षेत्रमा ट्याङ्की निर्माणको लागि जग्गा प्राप्ती गर्नुपर्ने भएको हुँदा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम निर्धारित मुआब्जा भूक्तानी गरि जग्गा प्राप्त गर्ने प्रकृयाका लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने ।

**निर्णय नं ५**

सु.न.पा. वडा नं ३ मा संचालित चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको चन्द्रेश्वर आधारभुत अस्पताल बनाउने नेपाल सरकारको निर्णय बमोजिम मन्त्रालयबाट स्वीकृत DPR अनुसार अनलाईन ठेक्का प्रक्रियाबाट छनौट भई DRAGON/BEACON JV, Kathmandu कम्पनीसँग मिति २०७८/०८/२२ गते रु १० करोड ५७ लाख ६६ हजार ९ सय ७९ रुपैंया ४८ पैसामा सम्झौता भई निर्माणको क्रममा रहेकोमा मिति २०८१/५/२७ गतेको आ.व २०८१/८२ को दोश्रो बैठकका निर्णय अनुसार मिति २०८२ श्रावण २७ गते ठेक्का सम्झौता म्याद थप भएकोमा अविरल वर्षाको कारण निर्माण स्थल सम्म निर्माण सामाग्री लैजान कठिनाई भएको, क्रसर बन्द भएको कारण तोकीएको समयमा निर्माण सम्मन्न गर्न नसकेको भनि मिति २०८२ श्रावण ४ मा निर्माण कम्पनीबाट म्याद थपको लागि निवेदन पेश गरेको र हाल सम्म अस्पताल निर्माणको २५ प्रतिशत मात्र वित्तीय/भौतिक प्रगती भएको साथै सो कम्पनीले कार्य

सम्पन्न गर्ने संशोधित कार्यतालिका पेश गरेकोले कार्यालयलाई थप व्ययभार नपर्ने गरी मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने ।

**विविध :**

**क.** यस नगरपालिकामा अधिकृत छैटौं सिनियर सब ईन्जिनियर पदमा कार्यरत सबिना बस्याल (क.सं.नं २४१६६२) ले असाधारण बिदा माग गरी मिति २०८२/०४/०२ मा निवेदन पेश गरेको हुँदा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम ११२(३) बमोजिम मिति २०८२/०४/०२ देखी १ वर्षको लागि असाधरण विदा स्वीकृत गर्ने ।

**ख.** चिकित्सा सेवा आयोगको एकीकृत परीक्षा (MECEE-2026) मा सहभागि हुन नगरपालिकामा कार्यरत तपशिल अनुसारका कर्मचारीहरुलाई पब्लिक हेल्थ अध्ययन प्रवेश परीक्षामा सहभागी हुन पूर्व स्वीकृति प्रदान गर्ने ।

तपशिल

| सि.नं | नाम थर | पद | कार्यरत संस्था |
|---|---|---|---|
| १ | धिरेन्द्र कुमार महरा | हे.अ | सुन्दरबजार अस्पताल |
| २ | बुध राज योङहाङ्ग | हे.अ | सुन्दरबजार अस्पताल |
| ३ | समिक्षा किरण बुढामगर | हे.अ | दुराडाँडा स्वास्थ्य चौकी |
| ४ | पवन कुमार गुप्ता | हे.अ | भोटेवडार स्वास्थ्य चौकी |
| ५ | सन्तोष पाण्डेय | अ.हे.व | चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र |

**ग.** आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत आन्तरीक रोजगारी सिर्जनाका लागि प्राप्त सशर्त अनुदान र नगरपालिका तथा वडा कार्यालयको बजेट साझेदारीमा कार्यान्वयन हुनसक्ने तपसिल बमोजिमका योजनाहरुको आयोजना बैंक तयार गर्ने ।

**आयोजना बैंकको विवरण**

१. स्याउली बगर कुलो निर्माण, वडा नं. ५
२. वडा भित्रका सिंचाई कुला मर्मत, वडा नं. ७
३. वडा भित्रका बिश्राम स्थल तथा अन्य पूर्वाधार मर्मत, वडा नं. ७

**घ.** यस नगरपालिका सञ्चालनमा रहेको हाडेटार सिँचाई नगर हेरालुका दुई जना हेरालुका लागि मासिक १५ हजारका दरले ३ महिनाको ज्याला करार सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने ।

**ङ.** मिति २०८२/०५/२३ का दिन जेनजी (Gen-Z) समूहद्वारा देशका विभिन्न स्थानमा भएका प्रदर्शनको क्रममा युवा तथा विद्यार्थीहरुले अमूल्य ज्यान गुमाउनु परेको अप्रत्यासित घटनाप्रति गहिरो दुख व्यक्त गर्दै उक्त घटनामा दिवंगतहरुको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली एवम् शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरयो । साथै उक्त घटनामा उपचाररत सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरियो ।

२०८२/०५/२०      २०८२/०५/२०

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख